राष्ट्र र जनताप्रति प्रतिबद्ध

# द पब्लिक टुडे

www.thepublictoday.com

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १२ | अंक ४३ | २०८१ कार्तिक १३ गते मंगलवार | (Tuesday, 29 Oct, 2024) | पृष्ठ ४ | मुल्य रु. ५

### मधेसको कैलास 'टुटेश्वर'

## टुटेश्वरधामको ब्रान्डिङ खै ?

**राजकरण महतो**

**बर्दिबास, कार्तिक १३ गते ।**

टुटेश्वरधामले हिन्दुधर्मालम्बीहरुमा विशेष महत्व राख्दछ । तर, यसको प्रचारप्रसार र बार्डिङ नभएको सांस्कृतिक, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गत रहेको नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान (नाथम) बर्दिबासमा प्रमुख सिवेन्द्र मल्लिक बताउँछन् । उनी भन्छन्, 'टुटेश्वरनाथ महादेव मन्दिर मधेशको ठूलो धार्मिक पर्यटकीय स्थल हो भन्ने कुरा आममान्छेलाई जानकारी छैन । अनि कसरी यसको प्रबर्द्धन विकास हुन्छ ?'

देवोको देव : आराध्य देव, महादेव ।

मधेसको कैलासपति : बाबा टुटेश्वरनाथ ।



नेपालको बाबाधाम : टुटेश्वरधाम ।

मधेसको कैलाशपर्वत : टुटेश्वरनाथ महादेव मन्दिर ।

यस्ता कयौं उपमाले चिन्छन् टुटेश्वरनाथ महादेव मन्दिर चिनिन्छ । जानिन्छन् । कयौं आस्थाले पूजिन्छ । तर टुटेश्वरनाथ महादेव मन्दिरको इतिहास जति शक्तिशाली छ उतिकै वर्तमान कमजोर छ । त्रेताकालीन इतिहास बोकेको टुटेश्वरनाथ महादेव मन्दिर मिथिलाकै भूमिका गुमनाम छ, शिवक क्षेत्रमै ओझेलमा परेको छ । टुटेश्वरधाम मधेस प्रदेशको महोत्तरी जिल्लाको बर्दिबास नगरपालिका-५ स्थित कैलासपर्वतमा अवस्थित छ ।

त्रेताकालीन मिथिलाको राजधानी जनकपुरधामसंग टुटेश्वरधामको सांस्कृतिक तथा धार्मिक इतिहास गाँसिएको छ । द्वापर युगको महाभारतकाली इतिहासलाई टुटेश्वरधामले बोकेको छ । तर, पनि गुमनाम

- बाँकी पृष्ठ ३ मा

## अनुहार जलेको अवस्थामा महिलाको शव फेला

**द पब्लिक टुडे समाचारदाता**

**गौशाला, कार्तिक १२ गते ।**

महोत्तरीमा अनुहार जलेको अवस्थामा एक महिलाको शव फेला परेको छ । पिपरा गाउँपालिका-७ दनौली चौरीमा स्थानीय अशोक ठाकुरको आँप बगैंचामा अन्दाजी २५-३० वर्षकी महिलाको शव फेला परेको हो ।

यो समाचार तयार पार्दासम्म जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता डीएसपी सन्तुलाल जयसवारका अनुसार मृतकको पहिचान भएको छैन । बिहान साढे ८ बजे शव देखेपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए ।

महिलाले हल्का पहेलो रंगको कुर्ता लगाएकी छन् । अनुहारमाथि सल राखेर जलाइएको छ । अनुहारको केही भाग जलेको डीएसपी जयसवारले बताए ।

उनका अनुसार घटनास्थलको प्रकृतिले महिलाको हत्या भएको देखिन्छ ।

महोत्तरीका प्रहरी प्रमुख एसपी

- बाँकी पृष्ठ ३ मा



द पब्लिक टुडे
राष्ट्रिय दैनिक
The Public Today
National Daily

'होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि'
'सेवा र त्याग गर, अधिकार ठूलो मिल्दछ अनि'
– सन्त 'व्यथित'

# नेपाल र भारतबीच फुटबल, चलचित्र जस्तै

राजु सिलवाल
काठमाडौं, कार्तिक १२ गते ।



विश्व कीर्तिमानी आरोही फुर्वा तेन्जिङ शेर्पाले गत वसन्त ऋतुमा सगरमाथाको चुचुरोमा नेपाली राष्ट्रिय फुटबल टिमकी गोलकिपर एन्जिला तुम्बापो सुब्बाको तस्बिर अङ्कित टिसर्ट प्रदर्शन गरेका थिए। गोलकिपर सुब्बाको जीवनीमा आधारित 'एन्जिला' नामक चलचित्रको प्रवर्द्धनका सिलसिलामा उक्त टिसर्ट सगरमाथा लगिएको थियो। आगामी माघ ११ गतेदेखि सार्वजनिक हुने उक्त चलचित्रमा प्रसिद्ध अभिनेता दयाहाङ राईलगायतका कलाकारसँग गोलकिपर सुब्बाले मुख्य पात्र बनेर अभिनय गरेकी छिन्। चलचित्रको पोष्टरमा गोलकिपर सुब्बाले बल समाइरहेको तस्बिर छापिएको छ। आईतवार काठमाडौंको दशरथ रङ्गशालामा उनै गोलकिपर सुब्बा कप्तान रहेको नेपाली राष्ट्रिय महिला फुटबल टिमले भारतसँग खेलेको सातौं महिला साफ च्याम्पियनसिप फुटबल प्रतियोगिताको सेमी फाइनल खेल कुनै चलचित्र प्रदर्शनभन्दा कम भएन। खेलमा प्रतिस्पर्धा, तनाव, विवादास्पद अवस्था, रोमाञ्चकारी क्षण तथा सुखद अनुभूतिजस्ता अनुभव दर्शकहरूले गरेका थिए। राति अबेरसम्म फुटबल प्रतियोगिता हेरेपछि नेपाल राष्ट्रिय आधारभूत विद्यालयबाट अवकाश प्राप्त पूर्वप्रधानाध्यापक दीपक कपालीले नेपाल र भारतबीचको फुटबल प्रतियोगिता कुनै चलचित्र हेरेजस्तै रोमाञ्चकारी लागेको टिप्पणी गरेका छन्। लिग चरणमा समूह विजेता बनेपछि चिर प्रतिर्स्धी भारतसँगको प्रतिस्पर्धालाई नेपाली दर्शकहरूले निकै महत्व दिएका थिए। घरेलु मैदानमा हजारौं नेपाली फुटबलप्रेमीहरूको उपस्थितिमा खेल्न पाउनु नेपाली फुटबल खेलाडीहरूका लागि महत्वपूर्ण अवसर थियो। नेपाली राष्ट्रिय महिला टिमका प्रशिक्षक राजेन्द्र तामाङले सन् २०२२ मै भारतलाई नेपालले हराए पनि प्रतिस्पर्धीसँग सतर्क भएर खेल्नुपर्ने बताएका थिए। उनी नेपालको टिममा दक्षिण तथा मध्यएसियाकै उत्कृष्ट स्ट्राइकर भएकामा ढुक्क थिए। भारतीय प्रशिक्षक सन्तोषकुमार कश्यप भने सधैं खाली रङ्गशालामा खेल्ने गरेका महिला खेलाडीहरूले आज भरिभराउ रङ्गशालामा खेल्न पाएकामा खुसी देखिन्थे। विगतमा महिला फुटबल प्रतियोगिताहरूमा दर्शकहरूको उपस्थिति कमै हुने गरेको थियो। तर करिब १५ हजार दर्शक क्षमताको दशरथ रङ्गशाला हिजो खचाखच भरिएको थियो। यसबाहेक टेलिभिजन प्रसारण तथा सामाजिक माध्यम युट्युबका माध्यमबाट पनि लाखौं फुटबलप्रेमीहरूले यो खेल हेरेका थिए। महिला साफ च्याम्पियनसिप फुटबल प्रतियोगिता पाँचपटक जितिसकेको भारत तथा उक्त प्रतियोगितामा पाँचपटक नै उपविजेता बनेको नेपालबीचको हिजोको फुटबल खेल पूर्वार्द्ध अवधिमा प्रतिस्पर्धात्मक रुपले अघि बढेको थियो। दुवै पक्षबाट गोल आफ्नो पक्षमा गर्ने प्रयास गरेता पनि सफलता भने मिलिरहेको थिएन। यस अवधिमा भारतीय खेलाडीहरूले बढी फल खेलेको देखिएको थियो।

**भूटानी रेफ्रीको निर्णय**

मध्यान्तरपछिको ५१औं मिनेटमा भूटानी रेफ्री ओम चोकीले नेपालकी स्ट्राइकर रेखा पौडेललाई दोहोरो पहेँलो कार्डसहित रातो कार्ड देखाएर मैदानबाट बाहिर निकालेपछि खेल तनावपूर्ण हुन सुरु भएको थियो। रेखा नेपाली फुटबल टिमकी पहिलो रोजाइकी स्ट्राइकर हुन्। यसपालिको प्रतियोगितामा उनले नेपाली खेलाडीहरूमध्ये सर्वाधिक सात गोल गरिसकेकी थिइन्। युएईमा क्लबमा आबद्ध भई व्यावसायिक खेल खेलिरहेकी उनलाई निकाल्ने रेफ्रीको निर्णयपछि दर्शकहरू आक्रोशित बनेका थिए। त्यसपछि रङ्गशालामा सुरक्षाकर्मीहरू बढाइएको थियो। स्ट्राइकर रेखा पौडेलले अब नेपालले बङ्गलादेशसँग खेल्ने फाइनल खेल गुमाउनेछिन्। रेखालाई मैदानबाट निकालिएपछि खेल केही बेर अवरुद्ध बनेको थियो। १० खेलाडीमा सीमित नेपाली पक्षलाई ७२औं मिनेट भारतीय टिमकी सङ्गीता बासफोरले गोल गरेकी थिइन्। त्यसको लगत्तै नेपाली पक्षका तर्फबाट प्रिती राईले गोल गरे पनि रेफ्री ओम चोकीले मान्यता नदिएपछि खेल पुनः करिब एक घण्टा १५ मिनेट रोकिएको थियो। यसअघि दशरथ रङ्गशालामा यसरी लामो अवधिसम्म खेल रोकिएको उदाहरण छैन। जाडोयाममा रातिको समयमा लामो समयसम्म खेल रोकिए पनि फुटबलप्रेमीहरू आ-आफ्नो स्थानमा नै रहिरहेका थिए। रेफ्री चोकीले सुरुमा गोल भएको सङ्केत गरे तापनि सहायक रेफ्री र फोर्थ अफिसियलको सङ्केतअनुसार गोललाई मान्यता नदिएपछि विवाद बढेको थियो। नेपाली खेलाडीहरूले खेल्न नमानेपछि उनीहरूलाई मनाउन फुटबल पदाधिकारीहरूले धेरै प्रयास गरेका थिए। नेपाली टिमले खेल पुनः सुरु नगरे कारबाही गर्न सकिनेसम्मको जानकारी साफ च्याम्पियनसिपका सम्बन्धित अफिसियलहरूले दिएपछि नेपाली टिम पुनः खेल्न मञ्जुर भएको नेपाली प्रशिक्षक राजेन्द्र तामाङले जानकारी दिएका छन्। खेल पुनः सञ्चालन भएलगत्तै नेपाली स्ट्राइकर सावित्रा भण्डारी 'साम्बा' ले गोल फर्काई आफ्नो टिमलाई बराबरीको स्थितिमा लग्न सफल भएकी थिइन्। दक्षिण एसियाकै उत्कृष्ट स्ट्राइकरमध्ये मानिएकी उनले गोल गरेर मुलुकको शिर उँचो त बनाइन् तर गोल गरेको जोसमा मैदान बाहिर निस्किएर टिसर्ट खोलेकामा रेफ्री चोकीबाट पहेँलो कार्ड ब्यहोर्न बाध्य बनिन्। खेलको निर्धारित समयमा एक-एक गोल भई बराबरीमा टुङ्गिएपछि समय नथपेर गराइएको 'टाइब्रेकर'मा नेपालले भारतलाई दुई गोलका विरुद्ध चार गोलले पराजित गरी फाइनलको ढोका खोलेको थियो। टाइब्रेकरका लागि दुवै पक्षले गोलकिपर समेत परिवर्तन गरेका थिए। भर्खरै मैदान प्रवेश गरेकी नेपाली गोलकिपर अन्जना रानामगरले दुईवटा पेनाल्टी बचाएर मुलुकलाई जिताउन महत्वपूर्ण भूमिका निभाएकी थिइन्। साँझ ६ बजेर ३० मिनेट जाँदा सुरु भएको उक्त फुटबल तीन घण्टाभन्दा बढी चलेको थियो। खेल समाप्त हुँदा रातिको झन्डै १० बजिसक्दा पनि पनि दर्शकहरू प्यारापिटको सिटबाट नउठेर नेपाली टिमको जितमा खुसियाली मनाइरहेका थिए।

**भूटानसँगको त्यो बराबरी**

सातौं साफ महिला च्याम्पियनमा नेपालको पहिलो खेलनै बिग्रेको थियो। विगतमा पराजित गर्दै आएको भुटानलाई कुनै गोल गर्न नसकी पराजित गर्न नसकेकामा नेपाली टिमले आलोचना पनि ब्यहोर्नुपरेको थियो। नेपाललाई भूटानी टिम भारी साबित हुन पुगी लिग खेल गोलरहित अवस्थामै टुङ्गिएको थियो। सो खेलमा नेपाली खेलाडीहरूले टिममा खेल नखेली

- बाँकी पृष्ठ ३ मा

## सम्पादकिय............

# जनता रिझाउने काम गर

जनताका समस्या सम्बोधन गर्दै मुलुकको सर्वाङ्गीन विकास गर्न सरकारले कुरा होइन काम गर्नुपर्छ । यही काम गर्न नसकेकोले सरकारप्रति जनतामा जागृत आशा निराशामा परिणत हुन थालेको छ । सरकार त सरकार संघीय व्यवस्था नै अफाप भएको भनी उठिरहेको स्वरले जनतामा बढ्दो निराशालाई पुष्टि गर्दछ । व्यवस्था संरक्षणको मुख्य जिम्मेवारी सरकारको भएकोले उसले आफ्नो आचरण, व्यवहार र कामले जनताको मन जित्नैपर्छ । किनभने जनता रिझे नै सरकार र व्यवस्था लोकप्रिय हुने हो । संसद्का दुई ठूला दल काँग्रेस र एमाले मिलेर बनेको वर्तमान सरकारले जनपक्षीय काम गरेरै सरकार र संघीय व्यवस्थाप्रतिको जनाक्रोशलाई मत्थर गर्न सकिन्छ । जनतामा आशा र भरोसा पुन:स्थापित गरेर मुलुकलाई विकास र समृद्धिको मार्गमा प्रतिबद्धताबमोजिम अघि बढाउन सकिन्छ । लोकतन्त्र अभ्यास गरेको तीन दशकअन्तर्गत संसारको सबभन्दा लोकप्रिय भनिएको संघीय व्यवस्था कार्यान्वयनमा आएको आठ वर्ष नाघिसक्दा पनि मुलुकले विकास र समृद्धितर्फ फड्को मार्न नसक्नु सरकार र व्यवस्थाको कमजोरी नै हो । यो कमजोरी सुधार गरेर सरकारले राज्य सञ्चालन गर्नु अपरिहार्य छ । जनताको मन जितेर उनीहरुमा सरकार र व्यवस्थाप्रति आशाभरोसा जगाउन वर्तमान सरकारका मन्त्रीहरु तथा कर्मचारीतन्त्रले अहोरात्र नै काममा खट्नुको विकल्प छैन। दुईतिहाइ बहुमतको वर्तमान सरकारलाई काम गर्न सकेनौ भन्ने सुविधा दिन सकिँदैन ।

केपी ओली नेतृत्वको यो सरकारले सय दिनमा लक्ष्य लिएका मध्ये ७० प्रतिशत काम सम्पन्न भएको दाबी गरे पनि सरकारको प्रभावकारिताको अनुभूति आमजनताले गर्न सकेका छैनन् । कर्मचारीतन्त्रलाई जनपक्षीय काममा जवाफदेही बनाउन नसकेको कारण पनि जनतामा सरकार र व्यवस्थाको साख खस्कँदै गएको हो । सरकारका कमिकमजोरी छरपस्ट देखिएका छन् । यिनमा सुधार नगरी जनचाहनाबमोजिम काम गर्न सकिँदैन । जनतालाई बढ्दो महँगी, भ्रष्टाचार, कालाबजारी, दण्डहीनता आदि समस्याबाट राहत दिन सकिँदैन । सरकार र व्यवस्थाबाट जनताले राहत चाहेका छन् । उन्नत र सहज जीवनको सपना पूरा भएको हेर्न चाहन्छन् । त्यसैले ओलीसरकारले देश र जनताप्रतिको कार्यजिम्मेवारीलाई कडाइका साथ व्यवहारमा उतार्नुपर्छ । जनतामाझ लोकप्रिय बन्नुपर्छ । जनता रिझाएर मात्रै सरकार र व्यवस्था लोकप्रिय हुन्छ भन्ने हेक्का राज्य सञ्चालकहरुले राख्नुपर्छ ।

## राशिफल

मेष – चिन्ता बढ्न सक्छ ।
वृष – दौडधुप गर्नुपर्ला ।
मिथुन – उत्साह जगाउनेछ ।
कर्कट – रोकिएको काम बन्नेछ ।
सिंह – अध्ययनमा प्रगति हुने ।
कन्या – फाइदा हुने ।
तुला – आफन्त टाँढिन सक्छ ।
वृश्चिक – सामान्य प्रगति हुनेछ ।
धनु – अवसर प्राप्त हुने ।
मकर – आर्थिक अभाव देखापर्ला ।
कुम्भ – काममा बाधा हुने ।
मिन – आम्दानीको नयाँ स्रोत फेला पर्ने ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना**
आयोजना क्लष्टर इकाई
जनकपुरधाम, धनुषा

**आयोजना अन्तर्गत कृषक समुहहरुको लागि आवश्यक बिउ (आलु र गहुँ) खरिदको पुन: बोलपत्र आह्वानको सुचना**

१. यस कार्यालयको आ.व. २०८१/८२ मा आवश्यक पर्ने निम्न अनुसारको बिउ खरिद सम्बन्धि मिति: २०८१/०६/०४ गते प्रकाशित सुचना रद्द गरी २०८१/०७/१३ गते पुन: प्रकाशन

| ठेक्का नं | सामानको विवरण | परिमाण | बैंकमा जमानी पेश गर्नुपर्ने रु. | बोलपत्र दस्तुर रु. | बोलपत्र दर्ता गर्ने अन्तिम समय र मिति | बोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|
| NP-MOALD-44860-GO-RFB-DHANUSHA | Procurement of Potato Seeds | 35 m.t | 97,500/– | 3000/– | २०८१/०७/२८ गतेको १२:०० बजे | २०८१/०७/२८ गतेको १३:०० बजे |
| NP-MOALD-44865-GO-RFB-DHANUSHA | Procurement of Improved Wheat Seeds | 40 m.t. | 86,000/– | 3000/– | २०८१/०७/२८ गतेको १२:०० बजे | २०८१/०७/२८ गतेको १३:०० बजे |

२. बोलपत्रदाताहरुले www.bolpatra.gov.np/egp सिष्टम मार्फत बिड गर्नुहुन र उक्त सिष्टममा अपलोड भएको बोलपत्र सम्बन्धि कागजातमा उल्लेख भए अनुसारको राजश्व/धरौटी खाताहरुमा रकम जम्मा गरी सो को भौचर पेश गर्नुहुन साथै सो सम्बन्धी थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

# यात्रुवाहक गाडी नदीमा खस्दा ८ को मृत्यु

**तिरिन कोट, कार्तिक १२ गते ।** दक्षिणी अफगानिस्तानको उरुजगान प्रान्तमा एउटा काठको पुलबाट गाडी नदीमा खस्दा कम्तीमा आठ यात्रुको मृत्यु भएको छ। स्थानीय समयअनुसार सोमबार बिहान ३:०० बजे प्रान्तको ग्याजाब जिल्लाको बाहिरी भागमा रहेको काठको पुल भारी तौलका कारण भाँचिएर दुर्घटना भएको सूचना तथा संस्कृति प्रान्तीय निर्देशक आगा वली कुरिशीले सिन्ह्वालाई बताए ।

पुलको जीर्ण अवस्था, ओभरलोडिङ र लापरवाही सवारीसाधन नै यस दुर्घटनाको मुख्य कारण हो । पहाडी मध्य एसियाली देश अफगानिस्तानमा सडक दुर्घटनाहरू सामान्य छन् ।

प्रायः खराब ड्राइभिङ, भीडभाड, सडकहरूमा यात्रुहरूका लागि सुरक्षा उपायहरूको अभाव, पुराना सवारी साधनहरूको कारणले गर्दा दुर्घटना हुने गर्छ । एजेन्सी

## अनुहार जलेको...

नकुल पोखरेलको टोली, प्रदेश प्रहरी कार्यालयबाट तालिम प्राप्त कुकुरको टोली, प्रादेशिक अस्पताल जलेश्वरबाट चिकित्सकसमेत बोलाएर प्रहरीले पाँच घण्टा भन्दा बढी घटनास्थलको अनुसन्धान गरेको छ ।

शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल जनकपुरमा राखिएको र घटनाका विषयमा थप अनुसन्धान गरिरहेको डीएसपी जयसवारले बताए ।

## टुटेश्वरधामको ब्रान्डिङ...

छ । अस्तृत्व रक्षाका खातिर टुटेश्वरनाथ महादेवले सरकार गुहारिरहेका छन् । भनिन्छन् नि, 'अरुका लागि दानी महादेव आफ्नै लागि भिखारी ।'

महाभारतको युद्ध बिजयी हाँसिल गर्न अर्जुन मिथिलाको पावन पुगेका थिए । बृहत ज्ञान कोषको २५ औं संस्करणका अनुसार टुटेश्वरधाममा शिवको घोर तपस्या गरेका थिए । शिवलाई साक्षात दर्शन दिए । उनले भगवान् शिवबाट शक्तिका लागि त्रिशुल र जित्का लागि टुटेश्वरधामबाट ज्ञान प्राप्त गरेको खोजअनुसन्धानमा भेटिएको छ । टुटेश्वरनाथ महादेव मन्दिर चार हजार वर्ष अघि नै अस्तित्वमा आएको मानिन्छ (बृहत ज्ञान कोष( २०६६) । पृष्ठ–४६३ ) ।

वर्तमानमा टुटेश्वरनाथ महादेवको महिमा झन् बढेको पाइन्छ ।तर टुटेश्वरधामले सरकारमा संरक्षण, सम्बर्द्धन, विकास र माया भने पाएको छैन । विशाल वैभले जुन रुपमा विराट चर्चा पाउनु पर्ने थियो त्यो पाउन सकेको छैन । श्रावन महिनामा लाखौं भक्तजनहरु कैलासपति बाबा टुटेश्वरनाथको दरबारमा दर्शन गर्न पुग्छन्, कोही १६ किलो मिटर घिसिंदै त कोही ४५ किलो मिटर दौडिदै । निर्मल जल काँधमा बाकेर । मन्दिरमा पुग्छन् । घण्ट बजाउछन् । टुटेश्वरनाथ बाबालाई पुकार गर्छन् :

*हर हर महादेव !*

*जय शम्भू ! !*

बाबाको महिमा गान गर्छन् । पूजापाठमा ध्यान लाउँछन् । मन्दिरका पुजारी श्रीचन दास भन्छन्, 'टुटेश्वरनाथ महादेवको पूजापाठ गर्दा मनोकांक्षा पुरा हुने विशाल जनविश्वास छ ।' श्रावन महिनाभरी बिशेष मेला लाग्छ ।

तीज, एकादशी शिवरात्रीमा भक्तजनको भिड उस्तै हुन्छ। प्रत्येक सोमबार पनि मन्दिरमा भक्तनको लर्को लाग्छ ।

श्रावनमा लाखौं भक्तजनले भरीभराउ हुने टुटेश्वर क्षेत्र ११ महिना भने सुनसान जस्तै हुन्छ ? यसबारे अध्ययन, अनुसन्धान गरिनु पर्ने उनी सुनाउँछन् । कसरी बाह्रैमहिना टुटेश्वरमा पर्यटक र भक्तजन आउन सक्छन् ? यसबारे सरोकारवालाहरुले रणनीति, योजना र कार्यनीति बनाएर काम गर्नु पर्नेमा जोड दिन्छन् पर्यटन क्षेत्रका विज्ञहरु ।

'टुटेश्वरनाथ महादेव मधेसको कैलाशपर्वतमा अवस्थित छ भन्ने बिषयलाई व्यापक प्रचारप्रसार गर्नु पर्छ । मधेस र भारतको बिहारमा मात्रै पनि यसको चर्चा भयो टुटेश्वर क्षेत्रको विकास कसैले रोक्न सक्दैन', प्रमुख मल्लिक दावी गर्छन्, 'मन्दिरको इतिहास लेख्न, त्यसको व्यवस्थित प्रचार गरिनु पर्छ। सडक, बिजुली, पानी, होटल, रेष्टुरेन्ट, संचार जस्ता सुविधाको प्रबन्ध गरिनु पर्छ ।'

हिन्दु धर्मालम्बीको ठूलो आस्थाको केन्द्र प्राचीन टुटेश्वरनाथ महादेव मन्दिर नेपालको बाबाधाम रहेको कुरा नेपाल र भारतमा प्रचारप्रसार गर्न ढिला गर्न नहुने नाथम रविभवन काठमाडौं सेन्टरका प्रिन्सिपल रामकैलाश विच्छाले रहेको सुनाउँछन् ।

जलमा बिर्जमान जलेश्वरनाथ र कैलासपर्वमा अवस्थित टुटेश्वरनाथ महादेवलाई जोडेर विकास गर्ने हो भने धार्मिक पर्यटनमा महोत्तरी तुरुन्तै फड्को मार्ने अवस्था रहेको प्रिन्सिपल विच्छा बताउँछन् । 'यी दुवै मन्दिर नेपाल र भारतका लागि ठूलो धार्मिक पर्यटनको केन्द्र बन्नसक्ने सम्भावना छ,' उनी भन्छन्, ' टुटेश्वरनाथ, जलेश्वरनाथ, मटिहानी, पडौल स्थान लगायतलाई जोडेर विकास गर्ने हो भने विदेशी पर्यटकको बसाई लम्बाउन सक्छौं । त्यसले आर्थिक कारोबारमा वृद्धि हुन्छ । '

त्यसमा टुटेश्वरनाथ महादेव मन्दिर वातावरणीय दृष्टिकोणले निकै महत्व राख्दछ । चुरिया पहाडहरु छन् । प्रमुख विच्छा थप्छन्, 'एडभेन्चर पर्यटनको सम्भावना पनि उत्तिकै छ । बर्दिबासदेखि नै चुरिया जंगल र पहाड हुँदै टुटेश्वरसम्म ट्रेकिङ रुट बनाउनु सकिन्छ । यसले टुटेश्वरधामको महिमा र गरिमा अझै बढेर जान्छ । ' कृषि पर्यटनको रुपमा बर्दिबास क्षेत्रलाई विकास गर्नु पर्ने उनको भनाई छ ।

टुटेश्वरनाथ के, कति कारणले उत्पत्ति र विकास भयो ? भन्ने बारे आमरुपमा जनाकारीको अभाव छ। जसको कारण मन्दिरको इतिहास गुमनाम बनेको छ । यसले गर्दा यहाँको विकास र समृद्धि पनि ओझेलमा परिरहेको नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान (नाथम) कार्यकारी निर्देशक संगीता ओझा बताउँछिन् ।

'मन्दिरको प्राचीन इतिहास बारे आमरुपमा प्रचार हुन पाएको छैन स्थानीयले त्यो बुझाउन पनि सकिरहेको छैन ', मन्दिरमा पूजापाठ गर्न पुगेकी उनी सुनाउँछिन्, 'यहाँ कहाँबाट कसरी पुग्न सकिन्छ भन्ने जानकारी पनि कहिँकतै छैन । मन्दिर व्यवस्थान समितिले यसमा गम्भीर भएर ध्यान दिनु पर्छ ।' नाथले मधेसको पर्यटन क्षेत्रको विकास गर्न लोकल टुरगाईको तालिम संचालन गरिरहेको उनी सुनाउँछिन् ।

यता होटल एशोसिएसन मधेस प्रदेशका महासचिव दीपेन्द्र पराजुलीले होटल एसोशिएशन मधेश प्रदेशको महासचिव टुटेश्वरनाथ महादेव मन्दिरलाई मधेसको कैलाश पर्वतको रुपमा विकास गर्नुपर्ने बताउँछन् । यसका लागि सिरहा, महोत्तरी, धनुषा, सर्लाहीलाई जोडेर एउटा समिति गठन गर्नु पर्ने सुनाए ।

'यो हाम्रो, यो मेरो हो भन्ने भावनाले देश र देश बाहिर भारतमा यसलाई हाइलाइट गर्नु पर्छ । अनि मात्रै धार्मिक र पर्यटकीय स्थालको रुपमा टुटेश्वरले प्रसिद्धि कमाउछ ।'

## नेपाल र भारतबीच...

व्यक्तिगत खेलेकाले गोलरहित खेल ब्यहोर्नुपरेको स्वयम् नेपाली टिमका प्रशिक्षक राजेन्द्र तामाङले पत्रकारहरूलाई बताएका थिए ।

विगतको तुलनामा भूटानले खेलमा सुधार गर्दै गएको कुरामा कुनै शङ्का छैन तापनि नेपाल र भूटानबीचको खेलमा नेपाली खेलाडीहरू वास्तवमै स्वार्थी भएको देखिएको थियो । प्रशिक्षक तामाङ खेलाडीहरू स्वयम्ले गोल बन्ने गरेर नायक बन्ने होडमा लागेको स्पष्ट पारेका थिए ।

**गोलको वर्षा**

सातौँ महिला साफ च्याम्पियनसीपको लिग चरणमा नेपालले माल्दिभ्स विरुद्धको खेलमा गोलको वर्षा नै गरेको थियो । नेपालले माल्दिभ्सलाई शून्यका विरुद्ध ११ गोलले पराजित गरेको थियो । रेखा पौडेलले पाँच गोल, प्रिती राईले तीन गोल तथा सविता रानामगर, अमिशा कार्की र अनिता केसीले एक/एक गोल गरेका थिए । खेलाडी रेखा पौडेल युएईमा व्यावसायिक फुटबल खेलिरहेको अवस्थामा राष्ट्रिय टिमबाट आबद्ध हुन स्वदेश फर्की टिममा सामेल भएकी थिइन् । यसअघिका महिला साफ च्याम्पियनसिपका प्रतियोगिताहरूमा पनि नेपालले माल्दिभ्स, पाकिस्तान जस्ता देशलाई अत्यधिक गोल गरेको थियो । नेपालले लिग चरणमै श्रीलङ्कालाई शून्यका विरुद्ध छ गोलले हराएको थियो। यस खेलमा रेखा पौडेलले दुई गोल गरेकी थिइन् भने सविता रानामगर, सावित्रा भण्डारी, अमिशा कार्की र रश्मीकुमारी घिसिङले एक/एक गोल गरी नेपालीलाई लिगको समूह विजेताका रूपमा सेमी फाइनलमा प्रवेश गराउन योगदान गरेका थिए ।

**भोकै तयारी**

यो प्रतियोगिताको सिलसिलामा आफू एक हप्ता रोएरै तनावमा बसेको नेपाली टिमकी अग्रपङ्क्तिकी खेलाडी सावित्रा भण्डारी 'साम्बा' ले बताएकी छिन् । भूटान विरुद्धको खेल गोलरहित बराबरीमा टुङ्गिएपछि टिमकी स्कोकर सावित्राको अनुपस्थितिलाई पनि कारण मानिएको थियो । उनी फ्रान्समा स्थानीय क्लबका तर्फबाट फ्रान्सेली लिग खेल्न गएकी थिइन् । उनले त्यहाँ पनि गोल गरेकी थिइन् । उनी फ्रान्सदेखि नेपालमा साफ च्याम्पियनसिप खेल्न आएकी थिइन्। माल्दिभ्स विरुद्धको खेलको अघिल्लो राति मात्र उनी काठमाडौं आइपुगेको अवस्थामा पनि उनलाई प्रशिक्षकले तयारी अवस्थामा राखेका थिए । दक्षिण एसियाकै उच्चकोटीकी स्कोरर मानिएकी साम्बाले सन् २०१६ को साफ च्याम्पियनसिपमा कूल १२ गोल गरेर प्रतियोगिताकै धेरै खेलाडी बन्न सफल भएकी थिइन् । फ्रान्सबाट स्वदेश फर्कने क्रममा विमानमा खानेकुरा नखाएर जुस मात्र पिएर आएको अवस्थामा पनि प्रशिक्षक तामाङले साम्बालाई खेलको उत्तरार्द्ध अवस्थामा मैदानमा उतार्ने लक्ष्यले बेन्चमा राखेका थिए । तर नेपालका तर्फबाट माल्दिभ्सविरुद्ध मध्यान्तरअघि नै चार गोल भइसकेपछि उनलाई मैदानमा उतार्ने अवस्था आएन । भारत विरुद्धको महत्वपूर्ण खेलमा 'प्लेयर अफ द म्याच'को उपाधि सावित्रा भण्डारीले पाएकी थिइन् । उनले दर्शकहरूको अपार मायाका कारण नै नेपाली महिला फुटबल टिमले सफलता प्राप्त गरेको धारणा व्यक्त गरेकी छिन् । अब बुधबार बङ्गलादेश विरुद्धको फाइनलमा सावित्रासहितका नेपाली महिला फुटबल टिमसँग आबद्ध खेलाडीहरूले साफ च्याम्पियनसिप उपाधि पहिलोपटक मुलुकलाई दिलाउन अझ उत्कृष्ट योगदान दिने अपेक्षा गरिएको छ । गत छैटौं महिला साफ च्याम्पियनसिपको फाइनलमा बङ्गलादेशसँग एक गोलका विरुद्ध तीन गोलले पराजय भोग्नु परेको पीडा नेपाली महिला खेलाडीहरूले भुलेका छैनन् । (लेखक खेल पत्रकार हुन्)

## लोकतन्त्र बचाउन...

गराए । उनले विसं २०७४ मा सङ्घीय सरकारले विश्वविद्यालयको रुपमा घोषणा गर्दा लोकतन्त्र स्थापनाको जस्तै खुसी महसुस भएको बताए ।

सो अवसरमा विश्वविद्यालय स्थापनामा अहम भूमिका खेलेका लोसपा अध्यक्ष ठाकुर, कांग्रेस नेता तथा पूर्वउपसभापति निधी, प्रदेशसभा सदस्य रामसरोज यादवलाई सम्मान गरिएको थियो ।

कार्यक्रममा नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्र यादव, मधेस प्रदेश पूर्वअर्थमन्त्री एवं प्रदेशसभा सदस्य भरतप्रसाद साह, मधेस प्रदेशका शिक्षा तथा सांस्कृतिकमन्त्री रानी शर्मा तिवारी, विश्वविद्यालयका उपकुलपति डा अमरप्रसाद यादव, रजिस्ट्रार सत्यनारायण साहसहितको उपस्थिति थियो ।

## पर्यटक लोभ्याउने...

त्यसैगरी पर्यटन विकास कार्यलय लहानबाट यस आर्थिक वर्षभित्रमा कार्यान्वयन गर्ने गरी ५० लाख विनियोजन भएको छ । उक्त बजेटबाट समितिले तालमा 'बोटिङ' सञ्चालन, ठाउँ-ठाउँमा विश्रामस्थल निर्माण, ताल घुम्ने बाटो, शौचालय, वनभोजस्थललगायतका संरचना बनाइसकेको छ भने महादेव र हनुमान मन्दिर निर्माण अधुरो रहेको छ ।

त्यसैगरी आगामी दिनमा यहाँ भ्युटावर बनाउने लक्ष्यसमेत रहेको अध्यक्ष चौधरीले जानकारी दिए ।

ठूलो सम्भावना बोकेको यो काललाई पर्यटकीयस्थलको रुपमा विकास गरी स्थानीयको आर्थिक उपार्जनमा टेवा पुऱ्याउन डिभिजन वन कर्यालय लहानले सहयोग गरिरहेको कार्यालय प्रमुख शैलेन्द्रकुमार मिश्रले बताए ।

सामुदायिक वनभित्र भएका स्रोतसाधनको पहिचान गरी लाभ लिन उपभोक्ता समितिका सदस्यलाई उनले आग्रह गरे ।

यस पर्यटकीय क्षेत्रमा आवतजावतको लागि बानोखोलामा पुल नबन्दा वर्षाको समयमा खोला तर्न समस्या परेको वडा नं १५ का वडाध्यक्ष तेजनारायण चौधरीले बताए ।

पुल निर्माणको लागि नगरको मात्रै स्रोतले सम्भव नरहेकाले प्रदेश तथा सङ्घीय सरकारसँग पहल गरिने लहान नगर उपप्रमुख रामचलितार महतोले बताए ।

साथै उनले जमिनमा पानीको सतह घट्दै गएकाले चुरे क्षेत्रमा यस प्रकृतिका पोखरीले 'वाटर रिचार्ज' हुने भन्दै वन उपभोक्ता समितिले वनजंगल संरक्षण र जलाधार क्षेत्र संरक्षणको लागि गरेको प्रयासमा नगरपालिकाले सधैं सहयोग र प्रोत्साहन गर्ने बताए ।

जलवायु परिवर्तनको चुनैतीलाई सामना गरी तालको संरक्षणको साथसाथै हरियाली प्रवर्द्धन गर्दै पर्यापर्यटनको विकास गर्नुपर्ने जिल्ला वन क्षेत्र समन्वय समितिका पदेन सदस्य रहनुभएका जिल्ला समन्वय समिति सिरहाका सभापति दिनेशकुमार महतोले जोड दिए ।

चुरेको काखमा अवस्थित 'गोसाइ डाँडा ताल'ले पोखराको फेवातालको झल्को दिने स्थानीय बताउँछन् ।

तालको बीचमा जमिनको भाग उठेको छ ।

यसलाई थप आकर्षक बनाई आन्तरिक तथा बाह्य पर्यटकको आगमनबाट स्थानीयको रोजगारीमा समेत अभिवृद्धि हुने यसका अध्यक्ष चौधरीको भनाइ छ । यस पर्यटकीय क्षेत्रको विकासका लागि सबैलाई सहयोग र प्रचारप्रसार गरिदिन अध्यक्ष चौधरीले आग्रह गरे । रासस

Aurahi Rural Municipality
Office of the Rural Municipal Executive
Aurahi, Siraha

Tender Cancelation Notice

*Date of Publication:2081/01/23*
*Date Of Cancellation: 2081/07/13*

Invitation for the bids for the construction of Construction of Market Management Infrastructure (Aurahi Bazar) at Aurahi Rural Municipality, Siraha (Contract No. ARM-02-Works-2080/081) published on 2081/01/23 BS is hereby Cancelled due to unavoidable circumstances as per the decision of the Aurahi Rural Municipality, Office of municipal executive dated 2081/07/12.

*Chief Administrative officer*



खर्गा दाँत उपचार केन्द्र
अव काठमाडौँ जानु नपर्ने
डा.गंगाराम खर्गा
वरिष्ठ डेन्टल सर्जन
BDS (Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)

➢ हामी कहाँ नै किन ? आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थाई/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल (Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेढो, नमिलेको, खप्टिएको र छिचारु भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुख भित्र घाँउ, खटिरा आउने गिजा सुनिने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट (RCT) भर्ने, दाँतको X-ray गरिने ।

डाक्टर भेटने समय: प्रत्येक दिन विहान ९ बजेदेखि साँझ ५ बजेसम्म ।

यहाँ, सबै खाले दाँतको उपचार गरिन्छ ।

खर्गा दाँत उपचार केन्द्र

सिन्धुलीरोड, लुम्बिनि हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा, बर्दिवास, महोत्तरी, ☎ ९८४४३१२२४६

# पर्यटक लोभ्याउने सिरहाको गोसाइ डाँडा ताल



**सिरहा, कार्तिक १२ गते ।** चुरेको फेदमा अवस्थित छ 'गोसाइ डाँडा ताल' । चारैतिर हरियाली जङ्गल, चराचुरुङ्गीको मधुर चिरबिर, बीचमा रहेको मनमोहक ताल, सूर्यको किरण पर्दा सुनजस्तै टल्किरहेको सफा कञ्चन पानी, कहिल्यै गर्मी महसुस नहुने शान्त वातावरण यसको विशेषता हुन् ।

लहान नगरपालिका-१५ बानोगाउँस्थित 'झोवाइ खोल्सी चुरिया डाँडा सामुदायिक वन' भित्रको सिमसार क्षेत्रलाई संरक्षण गरी 'गोसाइ डाँडा ताल' निर्माण गरिएको छ । पूर्व-पश्चिम राजमार्गमा पर्ने लहान बजारदेखि करिब १० किलोमिटर उत्तरमा पर्छ यो ताल ।

जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्न ताल संरक्षण र व्यसस्थापनसँगै पर्यापर्यटनको समेत विकास गरिएको झोवाइ खोल्सी चुरिया डाँडा सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष लगनलाल चौधरीले बताए ।

झण्डै दुई बिघा क्षेत्रफलमा फैलिएको यस तालको वरिपरि अन्य चारवटा सानाठूला पोखरीसमेत रहेका छन् । प्रकृतिक सुन्दरताका साथै थप पयटकीय संरचनाको निर्माणपछि पर्यापर्यटनको नयाँ गन्तव्यका रुपमा यस क्षेत्र विकास भएको उनले जानकारी दिए ।

अध्यक्ष चौधरीका अनुसार तालको संरक्षण, सम्बर्द्धन र सौन्दर्यीकरण गरी पर्यटकीयस्थल निर्माणमा डिभिजन वन कार्यालय लहान, सिरहाबाट ७० लाख, वन तथा भूसंरक्षण विभागबाट रु २० लाख, जलस्रोत तथा सिँचाइ विकास डिभिजनबाट ४० लाख, संसद विकास कोषबाट रु १५ लाख सहयोग रकम खर्च भएको छ ।

*- बाँकी पृष्ठ ३ मा*

# ईँटा उद्योगमा काम गर्न ल्याइएका ४४ मजदुर अलपत्र

**सप्तरी, कार्तिक १२ गते ।** सप्तरीको विष्णुपुर गाउँपालिका मलेकपुरस्थित सीता ईँटा उद्योगमा काम गर्न ल्याइएका ४४ मजदुर अलपत्रमा परेका छन् । उनीहरु हाल राजविराज नगरपालिका-३ स्थित कल्टुपोखरी नजिकै निर्माणाधीन एक घरको भुईंमा बसेका छन् ।

भारतको उत्तरप्रदेशस्थित सम्भल जिल्लाबाट १५ दिनअगाडि उनीहरुलाई ल्याइएको थियो । उनीहरुलाई ल्याउने ठेकेदार नै भागेपछि मजदुरहरु अलपत्र परेका हुन् । भारतको उत्तरप्रदेश जिल्ला सम्भल थाना हजरनगरगढीका सोनु सागरले १२ दिन जसोतसो मलेकपुरस्थित सीता ईँटा उद्योगमा बसे पनि ठेकेदार सम्पर्कमा नआएपछि अलपत्र परेको बताए ।

उनले भारतबाटै मो. जाकिर मियाँ नाम गरेको ठेकेदारले ईँटा भट्टामा काम गर्न ल्याएको बताए ।

सोही ठाउँका अर्का मजदुर बोहरा सिँहले ईँटा उद्योगमा १२ दिन बसेको तर मालिकले खाना दिन छाडेपछि तीन दिनदेखि राजविराजमा भोकै बसेको बताए । 'हामीसँग पैसा छैन, घर जाने पैसा पनि छैन । कसरी घर फर्किने भन्ने चिन्ता छ,' उनले भने ।

जिल्ला प्रहरी कार्यालयले सीता ईँटा उद्योगबाट ११ बालबालिका, १५ महिलासहित ४४ भारतीय मजदुरको उद्धार गरेको जनाएको छ । प्रहरीले उद्धार गरी सदरमुकाम राजविराज ल्याएपछि ईँटा व्यवसायीले खाना खुवाइरहेका छन् । सप्तरीका प्रहरी उपरीक्षक ढकेन्द्र खतिवडाले मजदुरहरु ल्याउने फरार ठेकेदारको खोजी भइरहेको र उनीहरुलाई भारत पठाउने प्रयाससमेत भइरहेको जानकारी दिए ।

# भाइटीकाको शुभ साइत ११:३७ बजे

**द पब्लिक टुडे समाचारदाता**
**गौशाला, कार्तिक १२ गते ।** नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले यस वर्षको भाइटीकाको साइत सार्वजनिक गरेको छ । यही कात्तिक १८ गते आइतबार बिहान ११: ३७ बजे भाइटीकाको साइत शुभ रहेको समितिको सोमवारको बैठकले निर्णय गरेको कार्यकारी निर्देशक सूर्यप्रसाद ढुङ्गेलले जानकारी दिए । पश्चिम मोहडा गरेर भाइटीका लगाउनुपर्ने पनि समितिले जनाएको छ । नेवार समुदायले मनाउने किजापूजा पनि त्यसै दिन गर्नुपर्ने जनाइएको छ ।

यस वर्षको यमपञ्चक अर्थात् नेपालीको दोस्रो ठूलो चाड तिहार कात्तिक १३ गते मङ्गलबारदेखि सुरु हुँदैछ । मङ्गलबार धनत्रयोदशी (धनतेरस) पर्व मनाइन्छ ।

मधेश प्रदेश

# प्रदेशको स्थानीय सेवा ऐनको त्रुटि सच्याउन कार्यदल

**निरुता चौधरी**
**गौशाला, कार्तिक १२ गते ।** मधेस प्रदेशको स्थानीय सेवा ऐनमा रहेका त्रुटिहरु संशोधनका लागि कार्यदल गठन गरिएको छ । सोमवार जनकपुरधाममा नेपाल नगरपालिका संघ मधेश प्रदेश समितिको बैठकले ऐनमा रहेका त्रुटिहरु संशोधन गराउन महोत्तरीको मनराशिस्वा नगरपालिकाका नगरप्रमुख मोहन पाण्डेयको संयोजकत्वमा ६ सदस्यीय कार्यदल बनाएको हो ।

स्थानीय सेवा ऐन मधेश प्रदेशमा रहेका त्रुटिहरुलाई संसोधनका लागि तथा प्राकृतिक स्रोतको रोयल्टी बाडफाँटका लागि विज्ञ र कानुनविदको सुझाव लिई संसोधन गराउन कार्यदल बनाइएको नेपाल नगरपालिका संघ मधेश प्रदेश समितिका संयोजक समेत रहेका हंसपुर नगरपालिकाका नगरप्रमुख प्रदिप यादवले जानकारी दिए ।



उनका अनुसार गठित उक्त कार्यदलले मधेश प्रदेशको स्थानीय सेवा ऐनमा देखिएका त्रुटी तथा गाउँपालिका, नगरपालिका, विज्ञ र कानुनविदबाट आएका सुझावहरुलाई दृष्टिगत गर्दै कार्यदलले बनाएको प्रतिवेदन गाउँपालिका संघ र नगरपालिका संघले मधेश प्रदेश सरकारका मुख्यमन्त्रीलाई बुझाउने छ ।

नगरप्रमुख पाण्डेय संयोजक रहेको उक्त कार्यदलमा धनगढीमाई नगरपालिकाकी उपप्रमुख संगीता कुमारी चौधरी, जनकनन्दिनी गाउँपालिकाकी उपाध्यक्ष कमला सहगललगायतका सदस्य रहेका छन् ।

नेपाल नगरपालिका संघले प्रादेशिक नगर अध्ययन केन्द्र संचालन कार्यविधि २०७९ अनुसार मधेश प्रदेश अन्तर्गतका सप्तरी, सिरहा, धनुषा र महोत्तरी जिल्लाका नगरपालिकाहरुका लागि जनकपुरधाममा थप नयाँ प्रादेशिक नगर अध्ययन केन्द्र स्थापना तथा कार्यालय सञ्चालनका लागि सोमवारै नेपाल नगरपालिका संघको तर्फबाट आवश्यक सामाग्रीहरु समेत हस्तान्तरण गरिएको थियो ।

त्यसक्रममा जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख मनोज साह, नेपाल नगरपालिका संघका कार्यकारी निर्देशक कलानिधि देवकोटालगायतको उपस्थिति रहेको थियो ।

# लोकतन्त्र बचाउन लाग्दा मधेसको शिक्षा र स्वास्थ्य ध्वस्त : पूर्वराष्ट्रपति यादव

**महेन्द्रनगर, कार्तिक १२ गते ।** गणतन्त्र नेपालका प्रथम राष्ट्रपति डा रामवरण यादवले देशको लोकतन्त्र बचाउन लाग्दा मधेसको शिक्षा र स्वास्थ्य ध्वस्त भएको बताएका छन् ।




जनकपुरधाममा राजर्षिजनक विश्वविद्यालयको सातौँ वार्षिकोत्सव समारोहलाई सोमवार सम्बोधन गर्दै पूर्वराष्ट्रपति डा यादवले तराई मधेसको शिक्षा राजनीतिक नेतृत्वको पहलकदमीमा स्थानीय दानविरहरुको दान र त्यागले स्थापित भए पनि पछिल्लो समय बचाउन नसकिएको बताए ।

उनले जनकपुरधामसहित धनुषाका विभिन्न तत्कालीन चर्चित विद्यालयको उदाहरण दिँदै सबै विद्यालय निर्माणको पहलकदमी राजनीतिक दलका नेताहरुले लिएको र समाज शिक्षित बनेको तर पछिल्लो समय राजनीतिकै कारण शिक्षा र स्वास्थ्य धराशायी बनेकामा दुःख व्यक्त गरे ।

पूर्वराष्ट्रपति यादवले प्राकृतिक स्रोत र कृषि उत्पादन ध्वस्त भएकाले यसमा काम गर्नुपर्ने बताए । कार्यक्रममा लोकतान्त्रिक समाजवादी पार्टी नेपाल (लोसपा) अध्यक्ष महन्थ ठाकुरले जनकपुरधाममा राजर्षिजनक विश्वविद्यालय स्थापनामा राज्य संयन्त्रले आनाकानी गरेकामा उक्त संयन्त्रलाई चुनौति दिएपछि मात्र स्थापना भएको स्मरण गराए । उनले विश्वविद्यालय बचाउनु सबैको कर्तव्य रहेको बताए ।

पूर्वउपप्रधानमन्त्री एवं प्रतिनिधिसभा सदस्य विमलेन्द्र निधीले आफूहरुले विश्वविद्यालय स्थापनाका लागि जिल्लास्तरीय अभियान सञ्चालन गरेर अर्थ जुटाउनेसम्मको काम गरेको स्मरण

*- बाँकी पृष्ठ ३ मा*

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षो नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादक: सन्तकुमार क्षेत्री